# व्यास नगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को संशोधित विनियोजन २०७४ऐन

सभाबाट पारित मितिः २०७४।१०।२७

## प्रस्थावना

व्यास नगरपालिकाको आर्थिक बर्ष २०७४/०७४ को सेवा र कार्यहरुको लागी सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी,

व्यास नगर सभाले यो ऐन सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी यो ऐन बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "व्यास नगरपा लकाको संशो धत वनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले व्यास नगरपा लकाको वनियोजन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "कार्यपा लका" भन्नाले व्यास नगर कार्यपा लका सम्झनुपर्छ ।

(ग) "नगरपा लका" भन्नाले व्यास नगरपा लका सम्झनुपर्छ ।

(घ) "सभा" भन्नाले व्यास नगरपा लकाको सभा सम्झनुपर्छ ।

(ङ) "सं वधान" भन्नाले नेपालको सं वधान सम्झनुपर्छ ।

३. आर्थिक वर्ष २०७४/०७५ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्नेः

आर्थिक वर्ष २०७४/०७५ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लिखित चालु खर्च, पुँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु.१,११,२७,७०,५४८।४५ (अक्षेरुपी एक अरब एघार करोड सत्ताइस लाख सत्तरी हजार पाँच सय अड्चालीस रूपैयाँ र पैसा पैतालिस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. विनियोजनः

(१) यस ऐनव्दारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त व्यास नगरपालिकाको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्नेवास र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकको जम्मा स्वीकृत २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा सभाको स्वीकृत लिनुपर्नेछ ।

अनुसूची १

(दफा (२) सँग सम्बन्धित)

नेपालको संविधान धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.स | अनुदान सख्या | शीर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ११ | नगर कार्यपालिका | ५७८३२१।४२ | ४५७९४९।१२ | ०।०० | १०३६२७०।५४ |
| २ | | वडा समिति | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ३ | | बिषयगत शाखा | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ४ | २ | ऋणको साँवा व्याज भुक्तानी | ५०००।०० | ०।०० | ७१५००।०० | ७६५००।०० |
| ५ | | लगानि (शेयर र ऋण) | ०।०० | ०।०० | ०।०० | ०।०० |
| | १३ | **जम्मा** | ५८३३२१।४२ | ४५७९४९।१२ | ७१५००।०० | १११२७७०।५४ |